अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**आ.व. २०८२।०८३ मिति: २०८३।३।१ गते, समय: २:०० वजे दिनको, बैठक संख्या: २२**

## कार्यपालिकाको बैठकका निर्णयहरु

**प्रस्ताव नं. १:** अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २:** अमरगढी पार्क निर्माणको बोलपत्र रद्ध सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको अमरगढी पार्क पुर्वाधार निर्माणको मिति २०७९।१०।१६ मा सम्झौता भएकोमा तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न नभएकोमा पटक पटक पत्राचार गर्दा पनि निर्माण कार्य अगाडि नबढाएकाले प्याकेज नं AM/DDL/WORKS/NCB/01-2079/080 श्री इन्द्रायणी विल्डर्स एण्ड सप्लायर्स काठमाण्डौंसंगको खरिद सम्झौता रद्ध गरि बांकी रहेको कार्य यस कार्यालयमा रहेको निज निर्माण कम्पनीको धरौटी रकमबाट कट्टी गरि निर्माण गर्ने।

**प्रस्ताव नं. ३:** नगर सभामा नीति कार्यक्रम तथा बजेट पेश गर्ने सम्बन्धमा।

**निर्णय:** श्रोत अनुमान तथा सीमा निर्धारण समितिबाट निर्धारण भएको बजेट सीमामा शंसोधन गरि आन्तिक आय तथा रजिष्टेशन शुल्कको प्रस्तावित अनुमानमा बृद्धि गरि आवस्यक योजना तथा कार्यक्रम तय गरि आगामि आव २०८३।०८४ को नीति तथा कार्यक्रम र बजेट नगर सभामा पेश गर्ने।

**प्रस्ताव नं. ४:** नियमावली तर्जुमा सम्बन्धमा।

**निर्णय:** लेखा समिति गठन तथा परिचालन नियमावली २०८३ को मस्यौदा स्विकृतका लागि नगर सभामा पेश गर्ने।

**प्रस्ताव नं. ५:** सेवा करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा।

**निर्णय:** यस कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीहरुको२०८३ आषाढ मसान्त सम्म म्याद थप गर्ने।

**प्रस्ताव नं. ६:** समितिको निर्णय सम्बन्धमा।

**निर्णय:** संस्थागत विकास तथा सुशासन समितिको निर्णय अनुसार यस कार्यालयमा विगत लामो समय देखि कार्यरत कर्मचारी श्री करन विष्टलाई सम्मान गर्ने।

**प्रस्ताव नं. ७:** देहायका शिर्षकमा आवस्यक आर्थिक सहयोग गर्ने।

**निर्णय:** वडा नं ११ लिटिरिगाउं कृषि तथा पशुपंक्षी कृषक समुहको विधुत मिटर खरिद गर्न रु ५२ हजार ५ सय र फिन्निकोट लिफ्ट सिंचाई कृषक समुहको मोटर मर्मत गर्न रु ४९ हजार र वडा नं ८ हरि सिंह सांकीको उपचार वापत रु २० हजार उपलब्ध गराउने।

**प्रमुख प्रशासकीय अधिकृत**